# स्थानीय राजपत्र


## मिर्चैया नगरपालिकाद्धारा प्रकाशित

खण्ड ७  संख्या २४  असार ११ गते २०८० साल


**भाग १**

**मिर्चैया नगरपालिका**

**रामनगर मिर्चैया,सिरहा**

नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा १ र स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी मिर्चैया नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत २०८० सालको ऐन न २४

## मिर्चैया नगरपालिकाको टोल विकास संस्था संचालन ऐन २०८०

**प्रस्तावना:** स्थानीय विकास प्रक्रियामा टोल तथा बस्ती स्तरवाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक,सामाजिक,साँस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको सहभागितामा वडा कार्यालयको सहयोगीको रुपमा काम गर्ने गरी टोल विकास संस्थाको गठन र परिचालनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

मिर्चैया नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "मिर्चैया नगरपालिकाको टोल विकास संस्था संचालन ऐन २०८०" रहेको छ ।

(२) यो ऐन मिर्चैया नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भए पछी लागू हुनेछ ।

(३) यो ऐन मिर्चैया नगरपालिका क्षेत्र भित्र लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले यस ऐनमा अन्यथा अर्थ नलागेमा :-

(क)"टोल विकास संस्था" भन्नाले कुनै वडाको निश्चित टोलको कम्तिमा एकाउन्न प्रतिशत घर धूरीहरुलाई समेटेर गठन भएको टोल विकास संस्थालाई सम्झनुपर्छ र यस शब्दले यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि गठन भएका टोल विकास संस्थालाई समेत जनाउँदछ ।

(ख) "कार्यालय" भन्नाले मिर्चैया नगरपालिका कार्यपालिकाको कार्यालय सम्झनुपर्छ र सो शब्दले वडा समितिको कार्यालय समेतलाई जनाउँदछ ।

(ग) "नगरपालिका" भन्नाले मिर्चैया नगरपालिकालाई सम्झनुपर्छ ।

(घ) "विनियम" भन्नाले टोल विकास संस्थाले स्वीकृत गरेको विनियम सम्झनुपर्छ ।

(ङ) "कार्य समिति" भन्नाले टोल विकास संस्थाको कार्य समितिलाई सम्झनु पर्छ ।

(च) "कार्यपालिका" भन्नाले मिर्चैया नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(छ) "सदस्य" भन्नाले टोल विकास संस्थाको सदस्यलाई सम्झनुपर्छ र सो शब्दले टोल क्षेत्र भित्र वसोवास गर्ने घरमूली वा घरको प्रतिनिधित्व गरी टोल विकास संस्थामा आवद्ध हुने घरधूरी सदस्यलाई समेत सम्झनु पर्दछ ।

(ज) "पदाधिकारी" भन्नाले संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिब, सह-सचिब र कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) "सभा" भन्नाले प्रत्येक वर्षमा हुने टोल विकास संस्थाको साधारण सभालाई सम्झनु पर्दछ । सो शब्दले समय समयमा हुने विशेष साधारण सभा समेतलाई सम्झनु पर्दछ ।

(ञ) “संस्था” भन्नाले प्रत्येक टोलमा यस अघि गठन भएका वा यो ऐन प्रारम्भ भएपछि गठन हुने टोल विकास संस्था सम्झनु पर्दछ ।

(ट) “घरधुरी” भन्नाले सम्बन्धित टोल विकास संस्थाको क्षेत्र भित्र रहेका सदस्यहरुको आफ्नो स्वमित्वमा रहेको घरलाई सम्झनुपर्छ र सो शब्दले त्यस्तो टोल विकास संस्थाको क्षेत्र भित्र रहेको कुनै व्यक्तिको नाममा दर्ता रहेको जग्गालाई समेत घरधुरी मानिनेछ ।

३. **संस्थाको गठन देहाय वमोजिम हुनेछ** :(क) नगरपालिका क्षेत्रभित्रको विभिन्न टोलहरुमा कार्यालयले तोकेको चार किल्लाभित्रको सबै घरपरिवार समेटिने गरी टोल विकास संस्था गठन गरिनेछ र यो ऐन प्रारम्भ हुनुभन्दा अघि गठन भएका टोल विकास संस्थाहरुलाई यसै ऐन मार्फत गठन भएको मानिनेछ ।

(ख) संस्थाको गठन हुन कम्तीमा पचास घरधुरी हुनु पर्नेछ ।

४. **गठन विधि** : संस्थाको गठन देहाय बमोजिम हुनेछ :-

(क)नगरपालिका क्षेत्र भित्रका बस्तिहरुको निश्चत भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घर परिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

(ख)पहिलो पटकका लागि वडा समितिको रोहवरमा संस्थाको कामलाई व्यवस्थीत गर्न अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्याहरु रहेको एक टोल विकास तदर्थ समिति गठन हुनेछ र त्यसपछि यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट निर्वाचित भई गठन हुनेछ ।

(ग) टोल विकास कार्य समितिको अवधि तिन वर्षको हुनेछ र एक पटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष रसचिव भएको व्यक्ति पुनः सोही पदमा अर्को एक कार्यकालसम्म मात्र निर्वाचित हुन पाउनेछ ।

(घ) संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक सदस्यको रुपमा समेटनु पर्दछ र सो सम्भव नभएमा कम्तीमा एकाउन्न प्रतिशत घरधुरी सहभागी गराई संस्था गठन गरिनेछ ।

(ङ) महिला, दलित, अपाङ्ग, अल्पसंख्यक, विपन्न, एकल महिला आदिको सहभागिता हुनेगरी लैंगिक समानता र सामाजिक समावेशी करणमा ध्यान दिएर हरेक क्षेत्रबाट प्रतिनिधित्व हुने गरी कार्य समिति गठन गर्नुपर्नेछ ।

(च)कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह सचिव र कोषाध्यक्ष मध्ये एक जना अनिवार्य महिला हुनु पर्नेछ साथै कार्य समितिमा कम्तीमा तेतीस प्रतिशत महिला अनिवार्य समावेश भएको हुनुपर्नेछ ।

(छ) संस्थाको गठन गर्दा वडा समितिको कर्मचारीको रोहवरमा गठन हुनेछ ।

५. **टोल विकास संस्थाको कार्य समितिको पदाधिकारीहरुको संख्या** :- (१) संस्थामा देहाय वमोजिम पदाधिकारी र सदस्य रहनेछन्।

(क) अध्यक्ष एक

(ख) उपाध्यक्ष एक

(ग) कोषाध्यक्ष एक

(घ) सचिव एक

(ङ) घटीमा पाँच देखि बढिमा सात जनासम्म सदस्य ।

६. **संस्थाको विनियम सम्बन्धी व्यवस्था** :- (१) टोल विकास संस्था दर्ता वा सूचिकृत गर्दा यस ऐन बमोजिम संस्थाको विनियमलाई कार्यालयमा पेश गर्नुपर्नेछ ।

(२) संस्थाको विनियम बनाई स्वीकृत गर्दा देहायका विषय उल्लेख गर्नुपर्नेछ ।

(क) संस्थामा रहने सदस्यको संख्या,

(ख) पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार,

(ग) प्रत्येक महिना घर धुरी सदस्यबाट मासिक रुपमा उठाउने मासिक शुल्क ,

(घ) संस्थाको साधारण सभा गर्ने प्रकृया,

(ङ) अन्य विशेष केही भए त्यस्तो व्यवस्था ।

**७. संस्थाको कार्य क्षेत्र र सिमाना** :- संस्थाको कार्यक्षेत्र र सिमाना देहाय वमोजिम हुनेछ ।

क) कुनै पनि टोल विकास संस्थाको कार्य क्षेत्र र सिमाना वडा समितिले तोके बमाजिम हुनेछ ।

ख) कुनै पनि टोल विकास संस्थामा एक सय भन्दा बढी घरधुरी भएको संस्थालाई भौगोलिक, धार्मिक, सांस्कृतिक पक्ष आदि कारणले विभाजन गरी संस्था गठन गर्न सकिनेछ ।

ग) खण्डा (ख) बमोजिम टोल विकास संस्था विभाजित गर्नु परेमा सम्बन्धित टोल विकास संस्थाको साधारण सभाको दुई तिहाई बहुमतले त्यस्तो प्रस्ताव अनुमोदन गर्नुपर्नेछ ।

**८. टोल विकास संस्थाको कार्य** :- (१) सम्बन्धित वडा समिति अन्तरगत रहेर निम्न बमोजिको कार्य गर्नेछ ।

(क) सडक तथा ढल प्रणालीलाई व्यवस्थित गर्न सहयोग गर्ने,

(ख) सडक तथा गल्ली बाटोहरुको मर्मत, सुधार कार्यहरु गर्न सहयोग गर्ने,

(ग) चर्पी, फोहोरमैला व्यवस्थापन सुधार गर्न सहयोग गर्ने,

(घ) खानेपानी तथा सरसफाई विस्तार र स्तर उन्नति गर्न सहयोग गर्ने,

(ङ) आधारभूत भैतिक पूर्वाधार विकास गर्ने,

(च) टोलको भौतिक पूर्वाधारका विकास निर्माण कार्यमा वडा समितिको कार्यलाई सघाउने,

(छ) नगरपालिकाको भौतिक पूर्वाधार सम्बन्धी नीति, कार्यक्रम र योजनाहरुलाई कार्यान्वयन गर्न आम समुदायमा छलफल गर्ने,

(ज) आफ्नो टोल क्षेत्र भित्रका घरधुरी सदस्यलाई आर्थिक वचत गर्न प्रेरित गर्ने ,

(झ) स्वास्थ्य तथा वातावरणीय सरसफाई जस्ता विषयमा जनचेतना अभिवृद्धी गर्ने ,

(ञ) टोलको विपन्न तथा वञ्चितीमा परेका टोलबासीहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक सहयो गर्ने ,

(ट) लैंगीक हिंसा नियन्त्रण र वालवालिका, जेष्ठ नागरीक र उपाङ्गता भएका व्यक्तिका लागि सहयोग गर्ने,

(ठ) टोलमा रहेका विकृतिहरुको पहिचान गर्ने र सोको उन्मूलनका कार्यक्रमहरु संचालन गर्ने ,

(ड) टोल स्तरमा शिक्षा, स्वास्थ्य र प्रदुषण नियन्त्रणका लागि आवश्यक कार्य गर्ने ,

(ढ) नगरपालिकाको सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने ,

(ण) टोल तथा वस्तीस्तरमा बिभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलबासीको पहुँच अभिवृद्धि गर्ने ,

(त) टोलबासीहरुमा उद्यमशीलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सिर्जना, विकास र प्रबर्धन गर्न आवश्यक कार्य गर्ने,

(थ) टोलमा समानता, समता, सद्भाव, समझदारी, समन्वय र मेलमिलापको माध्यमबाट शान्ती कायम गराउने,

(द) आर्थिक, सामाजिक सवालमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर, अधिकार प्रदान गर्ने,

(ध) टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिन सहयोग गर्ने,

(न) टोलमा विभिन्न निकायहरुबाट सञ्चालन हुने विकास कार्यमा सहयोग गर्ने,

(प) टोलको लागि नगरस्तारीय तथा वडास्तरीय योजना छनौट प्रकृयामा टोलबासीहरुलाई सहभागी गराउने,

(फ)टोलका सदस्यहरुमा गरिवीलाई निश्चित आधारमा बर्गीकरण गरी तिनीहरुको अभिलेख तयार गर्ने,

(ब) टोल विकास समितिको नेतृत्व, समन्वय, सहजीकरणमा भएका कुनै पनि योजनामा लागत सहभागीतामा सहभागी नहुने जग्गा धनी वा घरधुरी सदस्यको अभिलेख र रकम उल्लेख गरी वडा समितिको कार्यालयमा अभिलेखका लागि पठाउने,

(भ) खण्ड (म) बमोजिमको नामावली र रकम उल्लेख भएको जानकारी प्राप्त भएमा त्यस्तो नामावली र रकमलाई वडा समितिको कार्यालयले चुस्त दुरुस्त रुपमा अभिलेख राख्नुपर्नेछ,

(म) टोल बत्ती जडान, संरक्षण तथा मर्मत गर्ने ।

९. **संस्थाको दर्ता वा सूचिकृत सम्बन्धी व्यवस्था** :- (१) यो ऐन प्रारम्भ हुनुअघि गठन भएका संस्थाले अनुसूची (१) बमोजिम र यो ऐन प्रारम्भ भएपछि गठन हुने संस्थाले अनुसूची (२) बमोजिम दर्ता गर्नुपर्नेछ ।

(२) संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई नगरपालिकामा दर्ता वा सूचिकृतका लागि निवेदन पेश गर्नु पर्नेछ र निवेदन साथ उक्त टोल विकास संस्थामा आबद्ध सदस्यहरुको नामावली समेत पेश गर्नु पर्ने छ र कार्यालयमा पेश गर्ने निवेदनको ढाँचा अनुसूची-१मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले तोकेको शाखाले संस्था दर्ता गरी अनुसूची -२ बमोजिम प्रमाण-पत्र प्रदान गर्नु पर्नेछ ।

१०. **कार्य समितिको बैठकः** (१) संस्थाको कार्य समितिको बैठक देहाय वमोजिम हनेछ:-

(क) टोल विकास संस्थाको बैठक अध्यक्षको अध्यक्षतामा बस्नेछ ।

(ख) अध्यक्षको परामर्शमा सचिबले कम्तिमा चौबिस घण्टा अगावै सूचना दिई बैठक बोलाउनुपर्नेछ ।

(ग) टोल विकास संस्थाको कार्य समितिको बैठक महिनामा कम्तीमा एक पटक बस्नेछ र घरधुरी सदस्यको विस्तारीत बैठक चौमासिक रुपमा बस्नुपर्नेछ र त्यस्तो बैठकमा कार्यसमितिले आफ्नो नियमित काम सम्बन्धी प्रस्ताब छलफल र निर्णयका लागि प्रस्तुत गर्न सक्नेछ ।

(घ) समितिको बैठकमा आवश्यकता अनुसार वडा समितिका अध्यक्ष वा सदस्य लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रित गर्नसकिनेछ ।

(ङ)सचिवले संस्थाको बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखी प्रमाणित गराउनु पर्नेछ ।

(च) बैठकवाट कुनै निर्णय गर्दा सकेसम्म सर्बसम्मत गर्नु पर्नेछ ।

(छ) बैठक सम्बन्धी अन्य व्यवस्था संस्थाको विनियममा तोकिए बमोजिम हुनेछ ।

(ज) खण्डा (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाको कार्यसमितिले आवश्यकता महशुस गरेमा जुनसुकै बेला घरधुरी सदस्यको विस्तारित बैठक आह्वान गर्न सक्नेछ ।

**११. आर्थिक व्यवस्थापन** :- (१) संस्थाको आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछ : -

(क) टोलका घरधुरी सदस्यहरुबाट प्राप्त मासिक शुल्क,

(ख) विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान,

(ग) टोल विकास संस्थाले आयमूलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी,

(घ) सम्बन्धित वडा र नगरपालिकासँगको सहकार्यमा गरिने कार्यक्रमबाट बचत हुन आउने रकम,

(ङ) संस्थाले अन्य स्रोतबाट प्राप्त गरेको रकम,

(२) उपदफा (१) को खण्ड (क) बमोजिम सदस्यबाट प्राप्त हुने मासिक शुल्कको दर साधारण सभाबाट निर्धारण गर्दा सबै भन्दा घटी प्रस्तावित मासिक शुल्क नै सबै घरधुरीले मासिक रुपमा बुझाउने गरी निर्धारण गर्नुपर्दछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण भई उपदफा (१) को खण्ड (क) बमोजिम जम्मा हुने मासिक शुल्कको सञ्चित रकम मनासिव कारणले कुनै सदस्य घर धुरीले फिर्ता लिन चाहेमा निजले फिर्ता पाउने कुल रकममा प्रशासनिक खर्च बापत दश प्रतिशत कट्टा गरी भुक्तान गरिनेछ ।

**१२. संस्थाको खर्च** :- (१) संस्थाको खर्च देहाय बमोजिम गरिनेछः-

(क) संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रकम संस्थाको निर्णयानुसार खर्च हुनेछ,

(ख) संस्थाको खर्च संस्थाको कार्य समितिको निर्णयानुसार हुनेछ । त्यस्तो निर्णय गरी खर्च गर्दा टोलको कुनै योजना तथा आयोजनामा खर्च गर्न सकिने छैन ।

**१३. संस्थाको आय** :- (१) संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकमलाई संस्थाको खुद आय मानिनेछ ।

(२)खुदआय संस्थाको निर्णय अनुसार टोल विकासको क्षमता वृद्धिका लागि खर्च गरिनेछ ।

**१४. संस्थाको लेखा** :- (१) संस्थाको लेखा देहाय बमोजिम राखिनेछः-

(क) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण र संस्था सञ्चालन, संस्थाको संचालन र व्यवस्थापनमा भएको प्रशासनीक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्दछ,

(ख) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास संस्थाको बैठकमा पेश गर्नु पर्दछ,

(ग) टोल विकास संस्थाको आय व्ययको विवरण प्रत्येक तिन/तिन महिनामा सम्बन्धित वडा कार्यालयमा पेश गर्नुपर्नेछ,

(घ)संस्थाको आय व्यय र खुद बचत आय प्रत्येक छ/छ महिनामा सार्वजनिक गर्नु पर्नेछ ।

**१५. टोल विकास संस्थाको खाता खोल्ने र संचालन :-** (१) संस्थाको खाता कार्यालयको सिफारिसमा नगरपालिकाले तोकेको सहकारी संस्था वा राष्ट्र बैंकबाट स्वीकृत प्राप्त बैंकमा खाता खोल्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खाता खोल्दा संस्थाको अध्यक्ष, सचिब र कोषाध्यक्षको संयुक्त दस्तखतमा खोल्नुपर्नेछ । त्यस्तो खाता सञ्चालन गर्दा कोषाध्यक्षको अनिवार्य दस्तखत हुने गरी अन्य दुई मध्ये कुनै एक जनाको दस्तखतले सञ्चालन गर्न सकिनेछ ।

**१६. टोल विकास संस्थाको लेखापरीक्षणः-**(१) संस्थाले नियुक्त गरेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

(२) आवश्यकता अनुसार कार्यपालिका वा वडा कार्यालयले पनि संस्थाको आम्दानी खर्चको लेखापरीक्षण गर्न सक्नेछ ।

(३) संस्थाले आफनो वार्षिक लेखापरिक्षणको प्रतिवेदन लेखापरीक्षण भएको पन्ध्र दिनभित्र नगरपालिकाको कार्यालय र वडा समितिको कार्यालयमा बुझाउनु पर्नेछ ।

**१७. सूचिकृत सम्बन्धि व्यवस्थाः-** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि साविकमा दर्ता भएका टोलविकास संस्थाले यो ऐन प्रारम्भ भएको आर्थिक वर्ष भित्र पुनः वडा समितिको कार्यालय को सिफारिस सहित कार्यालयमा सूचिकृत हुनु पर्नेछ र त्यस्तो अवधि भित्र सूचिकृत हुन आउँदा देहाय बमोजिमको विवरण पेश गर्नुपर्नेछ ।

(क)संस्था दर्ता भएको निस्सा,

(ख) अपिल्लो लेखा परीक्षण प्रतिवेदन,

(ग) साधारण सभा गरी त्यसको प्रमाणित निर्णय,

(घ) कार्यालयले तोकेको अन्य विवरण ।

**१८. कार्यसमितिको विघटन सम्बन्धमाः-** (१) यस ऐन र ऐन बमोजिम बन्ने नियमावाली विपरित कार्य गरेमा वा देहायका कार्य गरेमा सम्बन्धित वडा कार्यालयको सिफारिसमा कार्यपालिकाले कुनै पनि टोल विकास संस्थाको कार्यसमिति विघटन गर्न सक्नेछ ।

(क) अवधि व्यतित भएको छ महिना भित्र पनि साधारण सभा नगरेमा,

(ख) आर्थिक हिनामिना गरेको पाइएमा,

(ग) कार्यपालिका वा कार्यालयले दिइएको जिम्मेवारी बारम्बार उल्लंघन गरेमा ।

(२) उपदफा (१) बमोजिम टोल विकास संस्थाको कार्यसमिति विघटन गर्नुअघि त्यस्तो समितिलाई सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

(३) उफदफा (१) बमोजिम टोल विकास संस्थाको कार्यसमिति विघटन भएमा त्यस्तो संस्थाको चल अचल सम्पत्ती कार्यपालिकाको अधिनमा रहनेछ र नयाँ कार्यसमिति गठन भएपछि त्यस्तो चल अचल सम्पत्ती नयाँ कार्य समितिलाई कार्यपालिकाले हस्तान्तरण गर्नेछ ।

(४) कार्यसमिति विघटन गरी सम्बन्धित वडा समितिको कार्यालयलाई नयाँ कार्यसमिति गठन गर्नका निम्ति निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन बमोजिम वडा समितिको कार्यालयले नयाँ कार्यसमिति गठन गरी कार्यालयलाई जानकारी दिनुपर्नेछ ।

**१९. टोल विकास संस्थाको अनुगमन तथा मूल्याङ्कनः-** टोल विकास संस्थाको अनुगमन तथा मूल्याङ्कन सामाजिक विकास शाखा अन्तर्गतको टोल विकास शाखा र वडा समितिबाट हुनेछ ।

**२०. पुरस्कृत हुनसक्ने** :- टोल विकास संस्थाहरु मध्येबाट उत्कृष्ट काम सम्पादन गर्ने संस्थालाई नगर कार्यपालिकाको निर्णय बमोजिम पुरस्कृत गर्न सकिनेछ ।

**२१. सापटी दिन सकिने** :- (१) प्रत्येक संस्थाले यो ऐन प्रारम्भ हुनुभन्दा अघि गठन भई सञ्चालनमा रहेको संस्था र यो ऐन प्रारम्भ भएपश्चात गठन हुने संस्थाले घरधुरी सदस्यबाट प्राप्त सदस्य शुल्क र अन्य आयबाट जम्मा भएको रकमबाट घरधुरी सदस्यलाई मात्र निश्चित अवधिमा फिर्ता हुनेगरी सापटी स्वरुप त्यस्तो रकम दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सापटी दिँदा लिखित गरी अभिलेख राखी मात्र दिनुपर्नेछ र त्यस्तो रकम बैंक मार्फत दिइनेछ ।

(३) उपदफा (१) बमोजिम सापटी दिँदा सहयोग शुल्क लिन सकिनेछ र त्यस्तो सहयोग शुल्क दिएको रकमको वार्षिक बाह्र प्रतिशत भन्दा वढी ब्याज लिन पाइनेछैन ।

(४) उपदफा (१) बमोजिम सापटी दिँदा, सापटि फिर्ता गर्दा वा सहयोग शुल्क लिँदा प्रचलित कानुनलाई समेत ध्यान दिनुपर्नेछ ।

**२२. संस्थाको खारेजी** :- संस्था देहायको अवस्थामा कार्यपालिकाले खारेज गर्न सक्नेछ ।

(क) संस्था सूचिकृत वा दर्ता नगरी संचालन गरेमा,

(ख) संस्था नै आवश्यक नरहेको भनी बहुमत घरधुरीले संस्था खारेज गर्न कार्यालयमा निवेदन दिएमा ।

२३. **संस्था खारेजीको परिणाम** :- यस ऐनको दफा २२ बमोजिम संस्था खारेजी भएमा त्यस्तो संस्थाको चल अचल सम्पत्ती र त्यस्तो सम्पत्ती बराबरको दायित्व सम्बन्धित जिम्मेवारी र अधिकार नगरपालिकाको हुनेछ ।

२५. **अन्य व्यवस्था** :- कुनै टोल विकास संस्थाले घरधुरी सदस्यको बहुमतबाट अनुमोदन गरी सम्बन्धित वडा समितिलाई जानकारी दिई सम्बन्धित संस्थाको क्षेत्राधिकार भित्र संस्थाको पहिचान झल्कने गरी कुनै निश्चित प्रकारको रंगले सबै घर रंगाउने, वगैंचा फूलबारी, पार्क निर्माण गर्ने कार्य गर्न सक्नेछ ।

२६.**नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नलाई मिर्चैया नगर कार्यपालिकाले आवश्यक नियमावली, कार्यविधि,निर्देशिका र मापदण्ड बनाइ लागु गर्न सक्नेछ ।

२७ **बचाउ** :- यो ऐन प्रारम्भ हुनुभन्दा अघि प्रचलित कानुन बमोजिम सूचिकृत वा दर्ता भई सञ्चालनमा रहेका संस्था यसै ऐन बमोजिम दर्ता भई सञ्चालनमा रहेको मानिनेछ ।

२८ **संघीय तथा प्रदेश कानुनसँग बाझिएमा :** यस ऐनमा उल्लिखित कुनै प्रावधान प्रदेश वा संघीय कानुनमा भएको व्यवस्थासँग बाझिएमा प्रदेश वा संघीय कानुन वमोजिम हुनेछ ।

# अनुसूचि–१
## (ऐनको दफ नं ९ (१) वमोजिम)
## संस्था सूचिकृत हुने निवेदनको नमूना

मिति............

श्री मिर्चैया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रामनगर मिर्चैया ,सिरहा

विषय : टोल विकास संस्था दर्ता / सूचिकृत गर्ने सम्बन्धमा

उपयुत्रत सम्बन्धमा यस मिर्चैया नगरपालिकाको वडा नं...........मा देहाय वामोजिमको चारकिल्ला भित्रको क्षेत्रमा बसोवास गर्ने हामी टोलबासीहरु मिति...................को भेलाले गठन गरेको ................................टोल विकास संस्थालाई यस नगर कार्यपालिकाको कार्यालयमा दर्ता सूचिकृत गरिदिनुहुनको लागि यस टोल विकास संस्थामा आबद्ध टोल सदस्यहरु र कार्य समितिका पदाधिकारीको नामावली सहित भेलाको निर्णयको प्रतिलिपी यसै साथ संलग्न राखि सहित यो निवेदन पेश गरेको छु ।

टोल विकासको चारकिल्ला (सिमाना)

पूर्व सिमाना.............................. पश्चिम सिमाना..............................

उत्तर सिमाना............................ दक्षिण सिमाना...............................

| सिफारीस गर्ने | निवेदक |
|---|---|
| दस्तखत..................... | दस्तखत........................ |
| वडा कार्यलयको छाप............. | अध्यक्ष ................. |
| वडाध्यक्षको नाम थर..................... | नाम थर.............. |
| वडाकार्यालय , मिर्चैया ............. | टोल विकास संस्थाको नाम...... |

अनुसूचि‘२
(ऐनको दफ नं ९ (२) वमोजिम)
संस्था सूचिकृत भएको नमूना

मिति............................

श्री ..................................... टोल विकास संस्था
मिचैंया ..........................................
रामनगर मिचैंया सिरहा

विषय : टोल विकास संस्था दर्ता / सूचिकृत गरिएको सम्बन्धमा ।

उपयुत्रत सम्बन्धमा यस मिचैंया नगरपालिका, नगर कार्यपालिकाको मिति............को निर्णयानुसार त्यस संस्थालाई मिचैंया नगरपालिकामा दर्ता/सूचिकृत गरिएको व्यहोर जानकारी गराईन्छ । मिचैंया नगरपालिकाको टाले विकास संस्था संचाल ऐन २०८० को अधिनमा रहि टोलको संचालन र व्यवस्थापन गर्न समेत अनुरोध छ ।

बोधार्थ
श्री................. नम्बर वडा कार्यालय
रामनगर मिचैंया सिरहा

प्रमाणीकरण गर्ने
दस्तखत :
नाम थर :
पद :
मितिः

आज्ञाले
प्रमुख प्रशासकिय अधिकृत